नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
(प्रधानमन्त्री रोजगार कार्यक्रम)

सिंहदरवार, काठमाण्डौ, नेपाल
फोन नं. ०१-४२००४७७
फ्याक्स नं. ०१-४२११८७७
Email :info.pmep.np@gmail.com
Website: pmep.gov.np

प.सं. २०७७/७८
च.नं./PMEP 33

मितिः-२०७७/०४/२५

श्री गाउँपालिका तथा नगरपालिका, सबै।
मार्फतः संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ ।

विषयः-प्राविधिक सहायक छनौट सम्बन्धमा ।

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित युवा रोजगारीको लागि रूपान्तरण पहल आयोजना(युवारूप) को लागि प्राविधिक सहायक (स्थानीय तह पाँचौ सरह) छनौटको लागि "गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ती सम्बन्धी प्रक्रिया" सबै स्थानीय तहहरूमा पठाइसकिएकोमा केही स्थानीय तहहरूले हाल कार्यरतलाई काममा लगाउने सम्बन्धमा थप स्पष्ट हुन बारम्बार टेलिफोन गर्नु भएकोले सो सम्बन्धमा देहाय बमोजिम गर्नुहुन मिति २०७७/४/२५ को सचिवस्तरीय निर्णयानुसार अनुरोध छ ।

देहाय

१ प्रस्तावित प्राविधिक सहायक प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत सञ्चालित कार्यक्रममा प्राविधिक सहयोग गर्ने कर्मचारी भएकोले स्थानीय तहलाई उपलब्ध गराइएको बजेट र मिति २०७७/४/१२ मा पठाइएको "गाउँपालिका तथा नगरपालिकामा प्राविधिक सहायक पदपूर्ती सम्बन्धी प्रक्रिया" बमोजिम प्रक्रिया पुरा गरी छनौट गर्ने,

२ कुनै स्थानीय तहमा प्राविधिक कर्मचारी पर्याप्त भएको कारणले थप जनशक्ति नहुँदा पनि प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालन हुने कार्यक्रममा न्यूनतम योग्यता पुगेको (प्राविधिक सहायक(सव-इञ्जिनियर) स्थानीय तह पाँचौं तह सरह)लाई प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम मात्र हेर्ने गरी (Dedicated) रूपमा खटाउन सक्ने भएमा स्थानीय तहको कार्यपालिकाबाट निर्णय गरी खटाउन सक्ने ।यसरी खटाएको कर्मचारीको विवरण सहित मन्त्रालयलाई जानकारी गराउने ।

तर यसरी खटाएको कर्मचारीलाई युवा रोजगारीको लागि रूपान्तरण पहल आयोजना(युवारूप) कार्यक्रमबाट प्राविधिक सहायक पदको लागि विनियोजित बजेटबाट तलव, भत्ता उपलब्ध नगराउने ।

३ बुँदा २ बमोजिम मौजुदा जनशक्तिबाट व्यवस्थापन हुने भएमा प्राविधिक सहायकको तलब भत्ता वापतको रकम नियमानुसार फिर्ता गर्ने ।

४ स्थायी बाहेक कुनै पनि प्रकारका हाल कार्यरत प्राविधिक सहायक (सव-इञ्जिनियर)मध्ये कसैलाई यो कार्यक्रमबाट तलब भत्ता भुक्तानी हुने गरी राख्नु परेमा सार्वजनिक प्रतिस्पर्धाका आधारमा मिति २०७७/४/१२ मा पठाइएको पदपूर्ती प्रक्रिया अनुरूप छनौट गर्न सकिने ।

(उषा [illegible] पाण्डे)
शाखा अधिकृत